**Vangmaya**

Vol. 23, No. 1: 107-124, August-September 2026 DOI: https://doi.org/10.3126/vangmaya.v23i23.99752
Central Department of Nepali, Kirtipur Orcid ID: https://orcid.org/0009-0007-6023-9864

# *अनुभूतिमा अमेरिका* यात्राकाव्यमा राष्ट्रिय चिन्तन

**शालिकराम पौड्याल, विद्यावारिधि**
सहप्राध्यापक : बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.
Email: paudyalshalikram@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा राष्ट्रिय चिन्तनको अवधारणाका आधारमा हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्यको विश्लेषण गरिएको छ । *अनुभूतिमा अमेरिका* यात्राकाव्यमा वर्णन गरिएको राष्ट्रिय चिन्तनसम्बन्धी पक्षको मूल्याङ्कन गर्न यो अध्ययन गरिएको हो । यस अध्ययनमा प्राथमिक स्रोतसामग्रीका रूपमा *अनुभूतिमा अमेरिका* कृति लिइएको छ भने द्वितीयक स्रोतसामग्रीका रूपमा राष्ट्रिय चिन्तनको अवधारणाका बारेमा गरिएका अध्ययन रहेका छन् । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा पाठविश्लेषणात्मक शोधविधिको उपयोग गरी लेखलाई पूर्णता प्रदान गरिएको छ । मातृभूमिप्रतिको प्रेम, भाषा तथा संस्कृतिसंरक्षण र आध्यात्मिकता, प्रवासयात्रा र राष्ट्रिय चिन्तन, देशप्रेम, राष्ट्रिय अस्मिता र भूराजनीतिक चेतना, युवाशक्तिको पलायन र स्वदेशप्रतिको पीडा, स्वाभिमान र आत्मनिर्भरता आदिलाई मुख्य उपकरणका रूपमा प्रयोग गरी राष्ट्रिय चिन्तनको विश्लेषण गरिएको छ । कविले विदेशयात्रालाई माध्यम बनाएर देशको माटो, भाषा र संस्कृतिप्रेम, प्रवासी चेतना र राष्ट्रिय सामाजिक यथार्थको चित्रण, सामाजिक मानवतावादी मूल्य र संवेदनशीलताको प्रस्तुति, राष्ट्रप्रतिको आत्मालोचना र उत्तरदायित्वबोध, भाषासाहित्य र देशप्रेमको अन्तर्सम्बन्ध स्थापित गरेका छन् । यस दृष्टिले यो यात्राकाव्य नेपाली साहित्यमा राष्ट्रिय चिन्तन र देशप्रेमको उत्कृष्ट उदाहरणका रूपमा स्थापित भएको निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी :*** आध्यात्मिकता, मातृभूमि, भूराजनीतिक चेतना, राष्ट्रिय अस्मिता, सांस्कृतिक संरक्षण ।

## विषयपरिचय

हिरण्यलाल ज्ञवाली नेपाली साहित्यमा निरन्तर साधनारत प्रतिभा हुन् । उनका *बिसौनी* (कवितासङ्ग्रह, २०५४), *शैक्षिक तथा सिर्जनात्मक लेखन* (२०६६), *लेखन तथा अभिव्यक्ति कला* (२०६६), *परिचय* (कथासङ्ग्रह, २०६९), *कर्मयोगी केशवलाल कसजू* (२०७०), *अजम्बरध्वज खातीको काव्यिक व्यक्तित्व* (२०७३), *अनुभूतिमा अमेरिका* (२०८१), *मातृ पितृवन्दना* (स्मृतिकाव्य २०८२) आदि कृति प्रकाशित छन् । कविता र समालोचनामा कलम चलाएका ज्ञवालीले यात्राकाव्यको सिर्जना गरेका छन् । यात्राकाव्य नेपाली साहित्यको एक महत्त्वपूर्ण विधा हो, जसले यात्राको बाह्य अनुभवसँगै यात्रुको आन्तरिक चेतना, सांस्कृतिक बोध र राष्ट्रिय आत्मपहिचानलाई

उजागर गर्दछ । विशेषतः प्रवासमा लेखिएका यात्राकाव्यमा मातृभूमिप्रतिको मोह, भाषासंस्कृतिको स्मृति र राष्ट्रिय चिन्तन गहिरो रूपमा अभिव्यक्त भएको पाइन्छ । नेपाली यात्राकाव्य परम्पराले भौगोलिक यात्रालाई मात्र होइन, यात्रुसँग गाँसिएको मानसिक अवस्था, सामाजिक यथार्थ, सांस्कृतिक स्मृति र राष्ट्रिय चेतनालाई पनि अभिव्यक्त गर्दै आएको छ । नेपाली यात्राकाव्यले यात्रालाई केवल भौगोलिक भ्रमणका रूपमा नभई सांस्कृतिक बोध, आध्यात्मिक अनुभूति र राष्ट्रिय चेतनाको अभिव्यक्तिको माध्यम बनाउँदै आएको छ। विशेषतः प्रवासकेन्द्रित यात्राकाव्यमा मातृभूमिप्रतिको मोह, परिवार, चाडपर्व, भाषा र संस्कृतिको स्मरणमार्फत देशप्रेम गहिरो रूपमा प्रकट भएको हुन्छ। राष्ट्रिय चिन्तन भनेको कुनै पनि जनसमुदायले आफ्नो विशिष्ट ऐतिहासिक सांस्कृतिक विरासतलाई आत्मसात् गर्दै, आधुनिक लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र समानतातर्फ अग्रसर हुनका लागि निर्माण गर्ने एक गतिशील, सन्तुलित र समावेशी सामूहिक चेतना हो । हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्यमा केकसरी राष्ट्रिय चिन्तनलाई अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक समस्यामा केन्द्रित रही उक्त काव्यमा अभिव्यक्त राष्ट्रिय चिन्तनको विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ। प्रस्तुत लेखमा विवेच्य कृतिमा पाइने राष्ट्रिय चिन्तनको मात्र विश्लेषण गर्नु सीमा हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्यलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । राष्ट्रिय चिन्तनको अवधारणाको अध्ययनका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। यहाँ दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । गुणात्मक प्रकृतिको यस अनुसन्धानमा दुवै प्रकारका सामग्रीहरूको प्रयोग गरी *अनुभूतिमा अमेरिका* यात्राकाव्यमा पाइने राष्ट्रिय चिन्तनको अध्ययन गर्न विश्लेषणको एउटा सैद्धान्तिक अवधारणा तयार पारिएको छ र पाठविश्लेषण विधिबाट सामग्रीको अध्ययन गरी अर्थापन गरिएको छ।

## राष्ट्रिय चिन्तनको अवधारणा

राष्ट्रिय चिन्तन भन्नाले कुनै पनि राष्ट्रको साझा पहिचान, सामाजिक मूल्य, नीति, सांस्कृतिक एकता र लोकतान्त्रिक आदर्शमाथिको गहिरो सोच हो । यसले नागरिकलाई मात्र होइन, नीतिनिर्मातालाई पनि कुन दिशा तथा मूल्यले राष्ट्र अघि बढ्छ भन्ने प्रश्न सोध्छ । राष्ट्रियता भनेको आफ्नो देश, इतिहास, भाषा, संस्कृति आदिसँगको आत्मीय सम्बन्ध महसुस गर्नु हो । ‘राष्ट्र’ शब्दलाई अङ्ग्रेजीमा ‘नेसन’ भनिन्छ । ल्याटिन भाषाको ‘नेसियो’ शब्दबाट अङ्ग्रेजीमा ‘नेसन’ शब्दको व्युत्पत्ति भएको हो । ल्याटिनको ‘नेसियो’ शब्दको अर्थ जन्म वा जाति भन्ने हुन्छ । यसलाई जन्मका आधारमा एउटै समूहमा बसोबास गर्ने जाति भन्ने अर्थमा बुझिन्छ (ओजकिरिमली, सन् २००५, पृ. १३) । ‘राष्ट्र’ भनेको बहुजातीय सहिष्णुता, अन्तर्वर्गीय समानता र विभिन्न परम्परामा हुर्केका भिन्न भिन्न मतावलम्बीहरूका बिचको समझदारीले उत्पन्न भावनात्मक एकताका गठबन्धनको समष्टिगत सङ्गठन हो (उप्रेती, २०४६, पृ. १२) । राष्ट्रसँग सम्बन्धित भई गरिने चिन्तन नै राष्ट्रिय चिन्तन हो । राष्ट्रले एउटा भौगोलिक सीमाभित्रको बहुजातिका भाषिक, सांस्कृतिक,

धार्मिक तथा ऐतिहासिक समानतालाई बुझाउँछ । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभाषिक जनताको एकता नै राष्ट्रियता हो, राष्ट्रियताप्रति सचेत भई स्वाभिमानी राष्ट्रनिर्माण गर्नु राष्ट्रवाद हो (घिमिरे, २०६६, पृ. ९७) । राष्ट्र भनेको राजनीतिक सीमारेखाले घेरिएको भूगोल मात्र होइन, त्यहाँ सांस्कृतिक अन्तर्सम्बन्धका विविध आयाम पनि समाहित हुन्छन्, जन्म र जातिका सरोकार पनि मिसिएका हुन्छन् (ढकाल, २०७५, पृ. २४) । यस अर्थमा राष्ट्रले एउटा देशको सांस्कृतिक, भाषिक, राजनीतिक तथा धार्मिक एकताको समष्टिगत भावनाको प्रतिनिधित्व गर्छ ।

'राष्ट्रिय चिन्तन' एउटा पदावली हो । यसमा 'राष्ट्रिय' र 'चिन्तन' गरी दुई शब्द रहेका छन् । सामान्य अर्थमा राष्ट्रसँग सम्बन्धित विषयलाई राष्ट्रिय भनिन्छ । *प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९) का अनुसार 'राष्ट्रिय' शब्दको अर्थ राष्ट्रसम्बन्धी, राष्ट्रको, राष्ट्रले गर्ने वा राष्ट्रको हितका निम्ति गरिने विशिष्ट क्रियाकलाप वा उद्देश्य भएको तथा चिन्तनको अर्थ कुनै वस्तुलाई बारम्बार सम्झनु, ध्यान गर्नु, मनन गर्नु वा स्मरण गर्नु भन्ने हुन्छ । चेतना भनेको कुनै विषयको जानकारी, ज्ञान वा बोध हो । चेतना मानिसमा जन्मदेखि नै विकसित हुँदै जान्छ र सचेत रहनु नै यसको मूल धर्म हो । दार्शनिक अध्ययनले चेतनालाई बौद्धिक क्षमता, तर्कशक्ति, संवेदनशीलता तथा व्यक्तिगत वा सामूहिक रूपमा प्रकट हुने विचारशक्तिका रूपमा व्याख्या गरेको पाइन्छ । मानिसले वस्तुलाई आफ्नो ज्ञान र दृष्टिकोणका आधारमा बुझ्छ र त्यसअनुसार प्रतिक्रिया जनाउँछ । त्यसैले संसारप्रतिको मानवीय दृष्टिकोणलाई नै चेतना भनिन्छ (सिंह, सन् १९९२, पृ. ३९) । देशप्रतिको अगाध श्रद्धा र समर्पणभाव व्यक्त गर्ने मानवीय मनोभावनालाई राष्ट्रिय चिन्तन मानिन्छ । देशप्रेमसम्बन्धी मान्यताको अवलम्बन गर्ने अवधारणामा आधारित चिन्तन नै राष्ट्रिय चिन्तन हो (बरई, २०७९, पृ. १७६) । राष्ट्रवादको व्यापक सिद्धान्तभित्र राष्ट्रिय चेतना एक अत्यन्त महत्त्वपूर्ण तत्त्व हो । राष्ट्रिय चेतना राष्ट्र र जनभावनाबिचको आत्मीय सम्बन्ध हो । राष्ट्रलाई विषयगत तथा भावगतरूपमा अध्ययन गर्ने गरिन्छ । राष्ट्रको विषयगत वा भावगत तत्त्वहरूमध्ये राष्ट्रिय चेतना पनि पर्दछ । हंस कोनका अनुसार राष्ट्रप्रति व्यक्तिको उच्चतम निष्ठा रहने मानसिक अवस्थालाई राष्ट्रिय चेतना भनिन्छ (सन् १९६५, पृ. १९) । राष्ट्रप्रतिको प्रेम, सम्मान, गौरव र उच्च भावनालाई राष्ट्रिय चेतना मानिए पनि यो व्यावहारिकभन्दा बढी वैचारिक रूपमा प्रकट हुन्छ । हरेक राष्ट्रको राष्ट्रिय सिद्धान्तले देशका नागरिकको मनमा राष्ट्रियताको भावना जबसम्म जागृत गर्न सक्छ तबसम्म मात्र राष्ट्र वास्तवमै बाँचेको हुन्छ । जुन दिन मानिसको मनबाट राष्ट्रियताको भावना हराउँछ त्यो दिन राष्ट्र मात्र एक प्रशासनिक निकाय बन्दछ र राष्ट्रियताको आत्माको मृत्यु हुन्छ (उप्रेती, २०७८, पृ. २४३) । राष्ट्रिय चेतना सार्वभौम राष्ट्रको सामूहिक भावना हो, जहाँ राष्ट्रप्रेम अवचेतन रूपमा सक्रिय रहन्छ । राष्ट्रसम्बन्धी हर्ष, उल्लास, पिर, वेदना, भावना, आदिको अभिव्यक्ति राष्ट्रिय चिन्तनअन्तर्गत पर्दछ । देशको भूगोल, माटो, पसिना र संस्कृतिको सुवासनाले भरिएका साहित्य वास्तवमा राष्ट्रिय चिन्तनले परिपूर्ण हुन्छन् । राष्ट्रिय चिन्तनले भौगोलिक सार्वभौमिकता, साम्राज्यवादी बाह्य हस्तक्षेपविरोधी चेतना, देशप्रेम, प्रकृतिप्रेम, जनजीवनप्रेम, भाषाप्रेम, जातिप्रेम, संस्कृतिप्रेम जस्ता बहुपक्षीय भावानात्मक समष्टिलाई बुझाउँछ (ज्ञवाली, २०८१, पृ. २९) ।

मानव र राष्ट्रबिच गहिरो सम्बन्ध हुन्छ । समाजले परम्पराबाट प्राप्त गरेका मूल्य, प्रेम र निष्ठाको भावना नै राष्ट्रिय चेतना हो । यसको जागृत अवस्था साहित्य, कला, संस्कृति, इतिहास आदि माध्यमबाट अभिव्यक्त हुन्छ ।

मानिस र राष्ट्रबिच अभिन्न सम्बन्ध हुन्छ । व्यक्तिले आफ्नो चेतनामा रहेको राष्ट्रप्रेमका माध्यमबाट राष्ट्रलाई आफ्नै अस्तित्वसँग जोडेर हेर्छ । देशको संस्कृति र परम्पराबाट नागरिकमा सांस्कृतिक तथा राष्ट्रिय चेतना विकसित हुन्छ (सिजर, सन् २००४, पृ. ४९) । राष्ट्र र राष्ट्रवाद दुवैका लागि राष्ट्रिय चेतनासँग राष्ट्र र राष्ट्रियता जोडिएर आउँछन् भने यही राष्ट्रियताले नै राष्ट्रिय चेतना उत्पन्न गराउँछ । इतिहास, परम्परा, पौराणिकता, नैतिकता, साहित्य, कला, सङ्गीत, रीतिरिवाज र आस्थासित जोडिनु नै राष्ट्रियता हो (कपुर, सन् २००९, पृ. ९९) । राष्ट्रिय चेतना जनसमूहमा स्वतः उत्पन्न हुने मनोवैज्ञानिक चेतना हो । देशको इतिहास, धर्म, संस्कृति, परम्परा र मूल्यलाई स्वीकार गर्दै एकताको भावना राख्नु नै राष्ट्रिय चेतना हो । यसले विभिन्न जाति र समुदायलाई भावनात्मक रूपमा एउटै राष्ट्रसँग बाँध्छ । राष्ट्रियताको भावनाले देशका विभिन्न समूहहरूमा एकताको भावना ल्याउँछ, जसले आफ्नो परिचयलाई राष्ट्रसँग जोड्ने काम गर्छ र यो एकता ऐतिहासिक एकता अनि परम्पराको परिणाम हो (लास्की, सन् १९६७, पृ. २१९) । राष्ट्रप्रतिको प्रेम, सम्मान तथा आफ्नो राष्ट्र, राष्ट्रियताप्रतिको सचेतता राष्ट्रिय चेतना हो । जाति, धर्म वा वंशभन्दा माथि उठेर राष्ट्रको पहिचान स्थापित हुनु नै राष्ट्रिय चेतनाको मूल अनुभूति हो तथा राष्ट्रप्रति भावनात्मक एकता नै राष्ट्रियताको सार हो (फेनन, सन् १९९१, पृ. १४७) । विश्वमा एउटै जाति वा एउटै संस्कृति भएको राष्ट्र हुँदैन । बहुजातीय र बहुसांस्कृतिक समाजमा राष्ट्रिय चेतना मनोवैज्ञानिक र भावनात्मक आधारमा विकसित हुन्छ । राष्ट्रिय चिन्तन कहिल्यै पनि एकोहोरो वा पश्चगामी मात्र हुँदैन । राजनीतिक सिद्धान्तकार टम नेर्नले भनेझैं यो दुईवटा अनुहार भएको जेनसजस्तै हो, जसले इतिहास र भविष्य दुवैतर्फ हेर्नुपर्छ । आफ्नो रैथाने सांस्कृतिक पहिचान, परम्परागत ज्ञान र ऐतिहासिक गौरवको संवर्द्धन गर्नु, लोकतान्त्रिक संरचना, वैज्ञानिक चेतना, मानवअधिकार र सामाजिक समानताको आधुनिक चाहनालाई आत्मसात् गर्नु राष्ट्रिय चिन्तनको विशेषता हो (प्याट्रिसिया वो, सन् २००६, पृ.३४७) । राष्ट्रिय चिन्तन समाजले साझा रूपमा भोग्ने सांस्कृतिक अनुभव, सञ्चारमाध्यम र सामूहिक विमर्शबाट निर्मित हुने चेतना हो भन्ने स्पष्ट हुन्छ । यसले बहुजातीय र बहुसांस्कृतिक समाजमा राज्यका नीति सबैका लागि अपनत्व महसुस हुने गरी साझा अनुभवनिर्माणमा केन्द्रित हुनुपर्छ भन्ने मान्यता राख्दछ । राष्ट्रिय चिन्तनको अवधारणाले स्वतन्त्रता आफैँमा साध्य होइन, यो त राष्ट्रको पुनर्निर्माणको एउटा साधनमात्र हो भन्ने स्पष्ट पार्दछ । जबसम्म राज्यका संरचनाहरूले आफ्ना सबै नागरिकलाई समतामूलक व्यवहार गर्दैनन् र परम्परागत पहिचान तथा आधुनिक न्यायबिच सन्तुलन मिलाउन सक्दैनन्, तबसम्म राष्ट्रवाद निष्प्राण रहिरहन्छ (प्याट्रिसिया वो, सन् २००६, पृ. ३४९) । आधुनिक राष्ट्रियताको अवधारणाले समाजलाई प्राविधिक तथा राजनीतिक व्यवस्थाको सीमाभित्र सीमित गरेको छ तर वास्तवमा राष्ट्रियताको साँचो विचारधारा स्वतन्त्र वातावरणमा समाजले आत्मसात् गर्दै आएको जीवनशैली र संस्कृतिबिचको अन्तरसम्बन्ध तथा त्यसबाट निर्मित सांस्कृतिक चेतनामा निहित हुन्छ (देवी र डेभिस, सन् २०२१, पृ. ६) । यसर्थ राष्ट्रिय चेतना राष्ट्रप्रतिको सम्मान, गौरव, प्रेम र समानताको भावना हो । यस लेखमा राष्ट्रिय चेतनाभित्र पर्ने मातृभूमिप्रतिको प्रेम, भाषा

तथा संस्कृतिसंरक्षण र आध्यात्मिकता, प्रवासयात्रा र राष्ट्रिय चिन्तन, देशप्रेम, राष्ट्रिय अस्मिता र भूराजनीतिक चेतना, युवाशक्तिको पलायन र स्वदेशप्रतिको पीडा, स्वाभिमान र आत्मनिर्भरताजस्ता उपकरणका आधारमा हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्यको विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्य बाह्य भूगोलको भ्रमण वर्णनमा मात्र सीमित नरहेर राष्ट्रिय चेतना र मातृभूमिप्रतिको अगाध प्रेमले युक्त कृति हो । ज्ञवालीले काव्यमा अमेरिकी महाद्वीपको भौतिक समृद्धि, प्रविधिको विकास र व्यवस्थापकीय सबलताको वस्तुपरक विमर्श गर्दै त्यसको तुलनामा आफ्नै देश नेपालको पछौटेपन, राजनीतिक अस्थिरता र प्रतिभापलायनको पीडादायी यथार्थलाई संवेदनशील रूपमा प्रस्तुत गरेका छन् । यस काव्यमा राष्ट्रिय चेतना र विश्वबोध, मातृभूमिप्रतिको प्रेम, भाषा तथा संस्कृतिसंरक्षण र आध्यात्मिकता, प्रवासयात्रा र राष्ट्रिय चिन्तन, देशप्रेम, राष्ट्रिय अस्मिता र भूराजनीतिक चेतना, युवाशक्तिको पलायन र स्वदेशप्रतिको पीडा, स्वाभिमान र आत्मनिर्भरतालाई उद्घाटन गर्दै आफूले हासिल गरेको ज्ञान, सिप र पुँजीलाई आफ्नै देशको विकासमा उपयोग गर्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

### यात्रा आरम्भमा राष्ट्रिय चेतना र विश्वबोध

प्रस्तुत *अनुभूतिमा अमेरिका* यात्राकाव्यमा कवि हिरण्यलाल ज्ञवालीले विदेशयात्राका अनुभूतिका माध्यमबाट राष्ट्रिय चेतनालाई सशक्त रूपमा अभिव्यक्त गरेका छन् । प्रस्तुत यात्राकाव्यको 'यात्रा आरम्भ' अंशले यही प्रवृत्तिलाई सशक्त रूपमा आत्मसात् गरेको छ । यस अंशमा कविले व्यक्तिगत यात्रालाई राष्ट्रिय अनुभूति, पारिवारिक संरचना र नेपाली सामाजिक चेतनासँग जोडेर प्रस्तुत गरेका छन् । यसैले यो काव्य केवल यात्राविवरण नभई राष्ट्रिय चिन्तनको काव्यिक दस्तावेज बनेको छ। कविताको प्रारम्भमै कविले आफ्नो लेखनको उद्देश्य स्पष्ट पार्दै लेखेका छन् :

गरी पातालको यात्रा यात्राकाव्य रचूँ भनी
कनीकुथी गरेँ मैले चम्कोस् सौदामिनी यही
विचित्र रै'छ संसार भनी हेर्दै सबैतिर
कुवाको भ्यागुतो बल्ल निस्किएको छ बाहिर । (पृ. १)

यहाँ 'पातालको यात्रा' शब्द प्रतीकात्मक रूपमा प्रयोग भएको देखिन्छ । यसले अपरिचित र चुनौतीपूर्ण संसार (अमेरिका) लाई सङ्केत गरेको छ । कवि आफूलाई बाहिर निस्किएको कुवाको भ्यागुताको अवस्थासँग तुलना गर्दै सीमित चेतनाबाट व्यापक विश्वबोधतर्फको यात्रालाई सङ्केत गरेका छन् । यस्तो अभिव्यक्तिले यात्राकाव्यलाई केवल भौगोलिक भ्रमणको वृत्तान्त नभई बौद्धिक र राष्ट्रिय चेतनाको विकासप्रक्रियाका रूपमा प्रस्तुत गरेको छ। कविले अमेरिकालाई केन्द्रमा राख्दै ऐतिहासिक यात्रु कोलम्बस र आफूबिच तुलना गरेका छन्। यसलाई यात्राकाव्यमा यसरी अभिव्यक्त गरिएको छ :

कोलम्बस पसी पैले देखेको यो अमेरिका
कैयन् अग्रज स्रष्टाले लेखेको यो अमेरिका
मैले पनि यहाँ आई देख्न पाएँ अमेरिका
अनुभूति सँगालेर लेख्न पाएँ अमेरिका । (पृ. १)

यस काव्यांशमा कविले विदेशी भूमिलाई पनि नेपाली दृष्टिकोणबाट हेरेका छन् । अग्रज स्रष्टाहरूको अनुभवसँग आफूलाई जोड्दै उनले साहित्यिक परम्पराको निरन्तरता कायम गरेका छन् । यहाँ विदेशी अनुभवलाई पनि मातृभूमिको चेतनाबाट आत्मसात् गरिएकाले यो दृष्टिकोण राष्ट्रिय चिन्तनको द्योतक बनेको छ ।

## मातृभूमिप्रतिको प्रेम

प्रस्तुत यात्राकाव्यमा प्रवासमा केही समय बिताएपछि कविमा मातृभूमिप्रतिको भावनात्मक आकर्षण प्रबल भएको देखिन्छ । 'नेपालको माटो' पदावली देशप्रेमको केन्द्रीय प्रतीक बनेको छ । माटाले राष्ट्र, संस्कृति र पहिचानलाई प्रतिनिधित्व गर्छ । विदेशमा रहेर आफ्नै देशको माटो सम्झिनु राष्ट्रिय चेतनाको मूल आधार हो :

यो नौलो ठाउँमा केही नगरी महिनौं बिते
सम्झी नेपालको माटो भावना मनमा जुटे
भई सहज बिस्तारै क्यै लेख्न मनले भन्यो
रूपरेखा र आकार यो यात्राकाव्यको बन्यो । (पृ. १)

लेखकले अमेरिकाजस्तो सुविधासम्पन्न देशमा रहँदा पनि आफ्नो देशको माटो र आमालाई बिर्सन सकेका छैनन् । उनले परदेशमा रहँदा झन् बढी स्वदेशको महत्त्वबोध हुने कुरा व्यक्त गरेका छन् । यात्री र जननीको सम्बन्धमार्फत कविले आमा र मातृभूमिलाई समानान्तर रूपमा प्रस्तुत गरेका छन् । कविले देशप्रेमलाई भावनात्मक मात्र नभई जीवनानुभवबाट उत्पन्न चेतनाका रूपमा प्रस्तुत गरेका छन् । घर र देश छाडेर बाहिर निस्कँदा मात्र आफ्नो माटोको वास्तविक मूल्य थाहा हुने सन्देश काव्यमा यसरी अभिव्यक्त गरिएको छ :

सम्झना घरको गर्छ यात्री टाढा गयो भने
सम्झेर जननीलाई सन्तति छन् सधैं रुने
बोकेर काँधमा झोला विदेशतिर धाउँदा
थाहा पाउँछ त्यो आफ्नो माटो अन्त नपाउँदा । (पृ. १)

आफ्नै गुँडमा रहँदा त्यसको महत्त्व थाहा नहुने तर जब मानिस बाहिर निस्कन्छ, तबमात्र उसलाई आफ्नो घर र देशको मूल्य थाहा हुन्छ भन्ने राष्ट्रिय भाव यहाँ प्रकट भएको छ । यहाँ कविको राष्ट्रिय चिन्तन प्रबल रूपमा अभिव्यक्त भएको छ ।

**भाषा तथा संस्कृति संरक्षण र आध्यात्मिकता**

प्रस्तुत यात्राकाव्यमा आफ्नै संस्कृति, भाषा र संस्कार जोगाउनुपर्ने कुरामा जोड दिइएको छ । यसले राष्ट्रिय पहिचान र सांस्कृतिक संरक्षणलाई समकालीन राष्ट्रनिर्माणमा आधारभूत मानिन्छ भन्ने पुष्टि गर्छ । परम्परा, भाषा र संस्कृतिमा निरन्तरता नै राष्ट्रको जीवनशक्ति हो भन्ने विचार यसमा प्रकट भएको छ :

बिर्सनु हुन्न हामीले आफ्नो संस्कृति सभ्यता
पानीजस्तै बगी हामी चाहे जानुपरोस् जता
आफ्नै संस्कार छन् हाम्रा नीति रीति र संस्कृति
तिनैबाट चलेको छ हाम्रो जीवनपद्धति । (पृ. ८९)

काव्यांशको सुरुवात विजयादशमीसँग गाँसिएको छ । विजयादशमी नेपाली समाजको सबैभन्दा ठुलो राष्ट्रिय चाड हो । यात्राको प्रारम्भ यसै चाडको सन्दर्भबाट हुनु संयोग होइन । यसले यात्रु जहाँ गए पनि नेपाली संस्कार, समयबोध र सांस्कृतिक चेतनाबाट मुक्त हुन नसक्ने अवस्थालाई देखाएको छ । दसैँ सुरु भएपछि स्वदेशतर्फ लाग्ने र सकिएलगत्तै विदेशतर्फ लाग्नु प्रवासी नेपालीहरूको साझा यथार्थ हो, जसले व्यक्तिगत यात्रालाई राष्ट्रिय पीडासँग गाँस्दछ । यहाँ दसैं पर्वमा आफ्ना सन्तान भएको विदेशी भूमिमा यात्रा गरेको सन्दर्भ आएको छ :

शारदी जूनले गर्दा आकाश चम्किलो थियो
विजयादशमी आई हिजो मात्र बिदा भयो । (पृ. ४)

यात्रा अमेरिकातर्फ भए पनि कविको मन नेपालमै अडिएको देखिन्छ । काव्यमा दसैँतिहारजस्ता नेपाली चाडको उल्लेखले देशप्रेमलाई भावनात्मक धरातलमा उभ्याएको छ । चाडपर्व छुट्नु केवल व्यक्तिगत दुःख होइन, राष्ट्रिय संस्कारबाट टाढा जानुको पीडा हो । यही द्वन्द्वले यात्रालाई भौतिकभन्दा बढी मानसिक बनाएको छ :

यो साल नहुँदा टीका तिहारपर्वको यता
उचाल्दै छौँ दुवै खुट्टा जानलाई अमेरिका । (पृ. ४)

प्रस्तुत काव्यमा बुद्धको यात्रा उल्लेख हुनु अर्थपूर्ण देखिन्छ । नेपाल जन्मभूमि भएका बुद्धको सन्दर्भले यात्राकाव्यलाई राष्ट्रिय गौरवसँग जोडेको छ । विश्वशान्तिको प्रतीक बुद्धलाई यात्राको आदर्श पात्र बनाउनु कविको गहिरो राष्ट्रिय चेतनाको परिचायक हो । बुद्धको यात्रा सार्थक भए जस्तै आफ्नो प्रवासयात्रा पनि सार्थक हुने कविको विश्वास व्यक्त भएको छ :

बुद्धत्वप्राप्तिका लागि यात्रा सिद्धार्थले गरे
शान्तिको बीज रोपेर उज्यालो उनले छरे
बुद्धकै ज्ञानको ज्योति संसारभर फैलियो
उनको त्यस यात्राले जन्म सार्थक भैदियो । (पृ. ६)

प्रस्तुत कवितांशमा सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्न गरेको कठिन र उद्देश्यपूर्ण यात्रालाई चित्रण गरी सांसारिक सुखसुविधा, राजसी जीवन र भोगविलास त्यागेर बुद्धले सत्य, ज्ञान र शान्तिको खोजमा यात्रा गरेजस्तै कविले पनि आफ्नो यो यात्रा केवल भौगोलिक मात्र नभई आत्मिक र वैचारिक यात्रा भएको स्पष्ट पारेका छन् ।

कविले अक्षरधामलाई स्वर्गसँग तुलना गरेका छन् । स्वर्गको रूपक प्रयोग गरी कविले भौतिक सौन्दर्यमात्र होइन, आध्यात्मिक उन्नतिको अनुभूति प्रस्तुत गरेका छन् । यात्राकाव्यमा यस्तो अनुभूति राष्ट्रिय चिन्तनसँग जोडिन्छ, किनकि धर्म र अध्यात्म नेपाली राष्ट्रिय जीवनको अभिन्न अङ्ग हुन् :

साँच्चिकै स्वर्गको टुक्रा यहाँ अक्षरधाम छ
त्यो पुण्यधाम मानिन्छ न्युजर्सीमा अवस्थित
स्वर्गमा नै पुगेजस्तो लाग्ने अत्यन्त सुन्दर
बयान कसरी गर्नु दिव्य ठाउँ र मन्दिर । (पृ. ४३)

प्रवासमा जन्मिएका वा हुर्किएका पुस्तालाई धर्मसंस्कृतिसँग जोड्नु राष्ट्रिय पहिचान जोगाउने महत्त्वपूर्ण उपाय हो । यस दृष्टिले अक्षरधाम प्रवासी नेपाली तथा दक्षिण एसियालीहरूको सांस्कृतिक केन्द्र बनेको देखिन्छ । काव्यमा धार्मिक सहिष्णुताको सशक्त प्रस्तुति पाइन्छ । नेपालको राष्ट्रिय पहिचान बहुधार्मिक सहअस्तित्वमा आधारित छ । कविले अक्षरधामलाई सम्पूर्ण धर्मको साझा उद्देश्य बोकेको स्थलका रूपमा चित्रण गरेका छन् । यसले नेपाली राष्ट्रिय चिन्तनको मूल भाव सहिष्णुता र सहअस्तित्वलाई अन्तर्राष्ट्रिय भूमिमा पनि जीवित देखाएको छ :

हरेक धर्म मान्नेले निर्धक्क मान्न पाउँछ
आ-आफ्नो धर्म मानेर यहाँ मान्छे रमाउँछ
भेदभाव यहाँ छैन धर्मआधारमा कुनै
सम्पूर्ण धर्मको साझा छ उद्देश्य अवश्य नै । (पृ. ४३)

कविले धर्मको सार मानवकल्याणमा निहित रहेको स्पष्ट पारेका छन् । काव्यमा अभिव्यक्त धर्म कुनै सम्प्रदायगत सङ्कीर्णतामा सीमित छैन; यो विश्वमानवताको दर्शन हो भन्ने दृष्टिकोणले यात्राकाव्यलाई राष्ट्रिय सीमाभन्दा माथि उठाएर मानवीय मूल्यमा आधारित देशप्रेमको रूप दिएको छ :

यो धर्तीका सबै प्राणी सदा स्वस्थ सुखी बनुन्
सधैँ राम्रो कुरा देखुन् राम्रा-राम्रा कुरा सुनुन्
सम्पूर्ण धर्मको सार समष्टिभित्र व्यष्टि हो
दु:खमा नपरुन् कोही भन्ने यौटै अभीष्ट हो । (पृ. ४३)

प्रस्तुत कवितांशमा कविले सम्पूर्ण सृष्टिप्रति करुणा, मैत्री र मानवतावादी दृष्टिकोण व्यक्त गरेका छन् । यसमा कविको सार्वभौमिक शुभेच्छा र सबै जीवप्रति समान भावना, मानिसको जीवन सकारात्मक अनुभव,

सद्भाव र नैतिक मूल्यले भरिएको होस् भन्ने आकाङ्क्षा, सबै धर्मको मूल तत्त्व व्यक्तिगत चेतना र आचरणमै निहित रहेको विचार तथा विश्वबन्धुत्व, करुणा र मानवीय एकताको भावना सशक्त रूपमा अभिव्यक्त भएको छ। स्वामी विवेकानन्दको सन्दर्भले हिन्दु दर्शनको विश्वव्यापी प्रभाव र गौरवलाई स्मरण गराउँछ। विवेकानन्द नेपाली सांस्कृतिक क्षेत्रसँग पनि सम्बन्धित व्यक्तित्व भएकाले यो उल्लेख अप्रत्यक्ष रूपमा राष्ट्रिय गौरवसँग जोडिन्छ :

फस्टाएको यहाँ पाएँ हिन्दु धर्म र संस्कृति
शताब्दीअघि नै हिन्दु आएथे गर्न आरति
आयोजना हुँदाखेरि विश्वधर्मसभा यहाँ
विवेकानन्द आएर सम्बोधन गरे जहाँ। (पृ. ४४)

कविले नेपाललाई सबै धर्मावलम्बीको पुण्यभूमिका रूपमा चित्रण गरेका छन् । विदेशमा बसेर पनि नेपाललाई सहिष्णुता, एकता र आध्यात्मिकताको प्रतीकका रूपमा प्रस्तुत गर्नु सशक्त देशप्रेमको अभिव्यक्ति हो। यहाँ राष्ट्र भूगोल मात्र होइन, मूल्य र दर्शनका रूपमा उभिएको छ :

सबै धर्मावलम्बीको नेपाल पुण्यधाम हो
सहिष्णु एकता हाम्रो विश्वमा पहिचान हो
यहीँ नै रम्दछन् देव निराकार निरञ्जन
साकार देवता हाँस्छन् पाएर नित्य पूजन। (पृ. ४७)

कविले विदेशमा उभिएर पनि नेपाललाई मूल्य, दर्शन र सहअस्तित्वको प्रतीकका रूपमा प्रस्तुत गरेका छन्। यही कारणले यो काव्य नेपाली यात्रासाहित्यमा राष्ट्रिय चिन्तन र देशप्रेमको उत्कृष्ट उदाहरणका रूपमा स्थापित भएको छ । कविले सांस्कृतिक भूमिमा ऋषिपरम्पराको स्मरण गर्दै नेपाललाई आध्यात्मिक केन्द्रका रूपमा चित्रण गरेका छन् :

वेदव्यास यहीँ हाँस्छन् पाणिनि रम्दछन् यहीँ
ऋष्यशृङ्ग र वाल्मीकि घुम्छन् भरथरी यहीँ। (पृ. ८४)

यसले नेपाललाई केवल भौगोलिक राष्ट्र होइन, ज्ञानसंस्कृतिको तीर्थका रूपमा स्थापित गर्छ तर यति ठुलो धरोहर हुँदाहुँदै यसको उपयोग नहुनु पीडादायक यथार्थ भएको धारणा पनि प्रकट भएको छ। कविले मातृभूमि, संस्कृति र परम्परालाई राष्ट्रिय चिन्तनको केन्द्रमा राखेका छन्। विदेशमा भए पनि सबैभन्दा गहिरो स्मृति त आफ्नै भाषा, संस्कृति, परम्परा र माटोको हुन्छ । कवितामा यो भाव भावनात्मक रूपमा राष्ट्रिय चिन्तनका रूपमा प्रस्तुत गरिएको छ। विदेशमा रहेका नेपाली सन्तानहरूले आफ्नो धर्म, संस्कृति र संस्कार बिर्सँदै गएकामा लेखकको राष्ट्रिय चिन्तन केन्द्रित छ। उनले नयाँ पुस्तामा देखिएको सांस्कृतिक विचलनलाई राष्ट्रिय पहिचानमाथिको खतराको रूपमा हेरेका छन्। विदेशमा हुर्किएका नेपाली सन्तानहरूले आफ्नै भाषा र संस्कृतिलाई बिर्सनु र 'लिभिङ टुगेदर' जस्ता पश्चिमा शैली अपनाउनुले नेपाली मौलिक पहिचान गुम्ने डर लेखकले व्यक्त गरेका छन्।

## प्रवासयात्रा र राष्ट्रिय चिन्तन

कवि हिरण्यलाल ज्ञवालीले आफ्ना तीन छोराको अवस्थामार्फत नेपाली समाजको समकालीन चित्र प्रस्तुत गरेका छन् । नेपाली बाबुआमाका सन्तान विदेशमा जान बाध्य हुनुपरेको आजको यथार्थको प्रतिनिधि अभिव्यक्ति हो । युवापुस्ता रोजगारी र अवसरका लागि बिदेसिन बाध्य हुनु राष्ट्रिय चिन्तनको गम्भीर विषय हो । कविले यस अवस्थालाई भावुकतासहित प्रस्तुत गर्दै पारिवारिक विखण्डन र राष्ट्रिय जनशक्तिपलायनको पीडा उजागर गरेका छन् । यसरी यात्राकाव्यमा सामाजिक तथा राष्ट्रिय यथार्थलाई प्रस्तुत गरिएको छ :

कान्छो अमेरिका बस्छ माहिलो छ युरोपमा
तीन पुत्रहरूमध्ये जेठो मात्र स्वदेशमा । (पृ. ४)

प्रस्तुत काव्यमा कविले विदेश जाने मानवीय उद्देश्यलाई स्पष्ट पारेका छन् । काव्यमा विदेशगमनलाई स्वैच्छिक विलास नभई जीवनयापन र भविष्यनिर्माणसँग जोडिएको यथार्थका रूपमा प्रस्तुत गरिएको छ । यसले नेपाली जनताको व्यावहारिक सोच र बाध्यतालाई उजागर गरेको छ । सपना बुन्नु स्वाभाविक भए पनि ती सपना देशभित्र पूरा नहुनु नै राष्ट्रिय चिन्तनको मूल प्रश्न हो :

विनाउद्देश्य जाँदैन कुनै मान्छे कतै पनि
अनेकौं सपना बुन्छ जानुपूर्व खुसी बनी
उद्देश्य उसको हुन्छ केही पैसा कमाउँला
मनग्गे खाउँला राम्रो लाउँला र रमाउँला । (पृ. ४८)

कविले अभावलाई पलायनको प्रमुख कारणका रूपमा देखाएका छन् । नेपालीहरूको विदेशप्रवास स्वेच्छाले भन्दा पनि बाध्यताले प्रेरित छ भन्दै कविले देशलाई माया गर्दागर्दै पनि बाँच्न नसक्ने अवस्था सिर्जना भएको सन्दर्भ उल्लेख गरी देशप्रेमको भावना अभिव्यक्त गरेका छन् :

अभाव र गरिबीले जिन्दगानी हुँदा फिका
सुखको खोजमा मान्छे पसेका हुन् अमेरिका
शिक्षा आर्जनका निम्ति आए होलान् यहाँ कति
धन आर्जनका निम्ति आए होलान् यहाँ कति । (पृ. ४८)

यस कवितांशमा कविले अभाव र गरिबीले ग्रस्त जीवनबाट मुक्त हुन मानिसहरू बिदेसिनुपर्ने बाध्यता, कोही ज्ञान, सिप र योग्यताका लागि त कोही आर्थिक समृद्धिका लागि बिदेसिएका तथा गरिबी, अवसरको अभाव र उज्ज्वल भविष्यको आकाङ्क्षाले उत्पन्न भएको वैदेशिक पलायनको यथार्थलाई सजीव र मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । प्रस्तुत काव्यमा बारम्बार सन्तानसुखको चर्चा गरिएको छ । अभिभावकहरूले आफ्ना सपनाभन्दा सन्तानको भविष्यलाई प्राथमिकता दिनु नेपाली समाजको यथार्थ हो । यसले नेपाली समाजको त्यागशील संस्कृतिलाई देखाएको छ, साथसाथै राष्ट्रभित्र अवसर नहुनुप्रति गम्भीर प्रश्न पनि गरेको छ :

गर्छन् सन्तानका निम्ति मान्छे काम मरीमरी
सन्ताननिम्ति नै मान्छे जोतिन्छन् जिन्दगीभरि

सन्तानसुखका निम्ति पस्छन् सहरमा कुनै
सन्तानसुखका निम्ति जान्छन् विदेशमा कुनै । (पृ. ४९)

कविले जनशक्ति पलायनका कारण देश रित्तिँदै गएको चित्र कोरेका छन् । युवाशक्ति पलायन हुँदा देशको भविष्य, उत्पादनशीलता र अस्मिता नै सङ्कटमा परेको विचारले कविलाई राष्ट्रिय चिन्तकका रूपमा स्थापित गरेको छ । काव्यमा राष्ट्रप्रेमको करुण पुकार यसरी प्रकट गरिएको छ :

पठाई बाहिरै आफ्ना छोराछोरीहरू सब
उतै लागिसके हाम्रा आफन्त बन्धुबान्धव
के भयो के भयो यस्तो भनूँ कि नभनूँ भयो
यस्तै चाल भएकाले नेपाल खोक्रिँदै गयो । (पृ. ५०)

कविले राष्ट्रिय अस्मितामाथि प्रश्न उठाएका छन् । यहाँ देशप्रेम भावनात्मक नारामा सीमित छैन; यो आत्मालोचनात्मक र चिन्तनशील रूपमै प्रस्तुत छ । आफ्नो कमजोरी नबुझ्नु नै राष्ट्रिय पतनको कारण ठहर गरिएको छ । बिदेसिने क्रमले भविष्यका सन्तानले आफ्नो मातृभूमि नै बिर्सने हुन् कि भन्ने कविको आशङ्का काव्यमा यसरी प्रकट गरिएको छ :

आकर्षण बढेको छ किन होला विदेशमा ?
कसैको चाहना छैन काम गर्ने स्वदेशमा
"नेपाल जननीम् वन्दे" भन्दैन अब क्वै पनि
थाहा छैन कि झैं लाग्छ यो मेरो देश हो भनी । (पृ. ५१)

कविले राज्य, नागरिक र युवाशक्तिलाई आत्मचिन्तन र कर्मशील बन्न आह्वान गरेका छन् । आफ्नो देश अरू कसैले आएर नबनाउने विचार व्यक्त गर्दै कविले हरेक नेपालीले देशको प्रगतिका लागि चिन्तन गर्नुपर्ने अवधारणा प्रस्तुत गरेका छन् :

गर्नुपर्दछ हामीले आफ्नो मुलुक चिन्तन
विदेशीले यहाँ आई गर्दैन रङ्गरोगन
गर्नुपर्दछ हामीले देशको यो समुन्नति
अन्यथा हुन जानेछ नेपालको अधोगति । (पृ. ५२)

यस कवितांशमा देशप्रेम र स्वदेशसुधारका निम्ति अपिल गरिएको छ । यसमा कविले सबैले आफ्नो देशका समस्या र सम्भावना गम्भीरतापूर्वक सोच्नुपर्ने, देशको सुधार र विकासको जिम्मेवारी विदेशीले होइन, हामीले नै लिनुपर्ने, देशलाई आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक रूपमा उन्नत बनाउन सबैको सक्रिय योगदान आवश्यक रहेको बताउँदै हामीले आफ्नो भूमिकालाई बेवास्ता गऱ्यौं भने देशको अवस्था झन् बिग्रने र अधोगतिको बाटोमा लाग्ने चेतावनीसमेत दिएका छन् । कविले विदेशगमनलाई दोष नदिई त्यसको जड

देशभित्रको संरचनागत कमजोरीमाथि प्रश्न उठाएका छन् । यहाँ स्वदेशप्रति जिम्मेवारी, सक्रियता र सुधारको आह्वान गर्दै राष्ट्रिय चेतना जगाउन खोजिएको छ । यही चेतनशील दृष्टिकोणले यस काव्यलाई राष्ट्रिय चिन्तनको सशक्त साहित्यिक दस्ताबेज बनाएको छ ।

**देशप्रेम, राष्ट्रिय अस्मिता र भूराजनीतिक चेतना**

कविले भौतिक उन्नति हुँदाहुँदै पनि स्वदेशको आत्मिक शुद्धता र भावनात्मक मूल्य विदेशमा नपाइने स्पष्ट पारेका छन् । यो देशप्रेमको भावुक अभिव्यक्ति हो । कविले स्वदेश र विदेशको भावनात्मक तुलना गरेका छन् :

आफ्नो देशसरी राम्रो अर्को देश रहेनछ
त्यहाँजस्तो यहाँ केही शुद्ध वस्तु रहेनछ
अग्लाअग्ला यहाँ भव्य राम्रा घर भए पनि
मेरो सगरमाथा झैँ देखिदैनन् कतै पनि । (पृ. ७४)

कविले प्रवासी नेपालीको मनोवैज्ञानिक अवस्था यसरी देखाएका छन् । यसमा शरीर रोजगारीका लागि विदेशमा भए पनि चेतना, स्मृति र सपना मातृभूमिमै केन्द्रित भएको धारणा व्यक्त भएको छ :

स्वदेश मनमा मेरो तन हुन्छ विदेशमा
बिपनीमा यहाँ हुन्छु सपनीमा स्वदेशमा । (पृ. ७४)

कविले प्रकृतिको स्मरणका माध्यमबाट मातृभूमिसँगको भावनात्मक सम्बन्ध देखाएका छन् । ढुङ्गा, माटो, पाखापखेरा नेपाली राष्ट्रिय चेतनाका स्थायी प्रतीक हुन् । विदेशमा बसेर पनि ती स्मृतिले कविलाई पछ्याइरहन्छन् :

उता बोलाउँदै होलान् पशुपन्छी वनैभरि
मलाई सम्झँदै होलान् रुखपात घरीघरी
जहाँ जाऊँ त्यहाँ आफ्नो ढुङ्गा माटो बसाउँछ
आफ्नै पाखापखेराको सम्झना मात्र आउँछ । (पृ. ७४)

यहाँ प्रकृतिका जीवजन्तुहरूले आफ्नो जन्मस्थल र परिवेशलाई बोलाउँदै र सम्झँदै गरेको, वातावरण र मानवीय जीवनबिच आनुवंशिक र भावनात्मक सम्बन्ध रहेको, मानिस जहाँ गए पनि आफ्नो माटो र जन्मभूमिको माया सधैँ साथ रहने विचारमार्फत कविले स्वदेशप्रतिको माया, सम्बन्ध र आबद्धताको मार्मिक भावना अभिव्यक्त गरेका छन् । कविले आफ्नै भूमिकाप्रति पनि प्रश्न उठाएका छन् । यहाँ देशप्रेम आत्मसन्तुष्ट भावनामा सीमित छैन; राष्ट्रका लागि केही गर्न नसकेको पीडा र जिम्मेवारीबोध स्पष्ट देखिएको छ :

तन मात्र यहाँ मेरो उतै नेपालमा मन
रातदिन उतै हुन्छु उतैको गर्छु चिन्तन

परन्तु राष्ट्रका निम्ति खै के नै गरियो र त
नसके पनि क्यै गर्न पीर पर्दो रहेछ त । (पृ. ७५)

प्रस्तुत कवितांशमा कविले आफ्नो मन र भावना सदैव नेपालसँग जोडिएको, आफ्नो देशको हरेक कुरा, समस्या र भविष्यका योजनालाई निरन्तर सोचिरहेको, राष्ट्रसेवामा योगदान गर्न नसक्दा भित्री पीडा महसुस भइरहेको धारणा राख्दै देशप्रतिको माया व्यक्त गरेका छन् । यसरी कविले नेपालको सांस्कृतिक तथा ऐतिहासिक गौरव स्मरण गराएका छन् । नेपाललाई ऋषिमहर्षि, वेद, पुराण र शान्तिको भूमिका रूपमा चित्रण गर्नु राष्ट्रिय चिन्तनको अभिव्यक्ति हो । यसले आधुनिक प्रवासी जीवनका बिच पनि सभ्यतागत गौरव जोगाइराख्ने प्रयास देखाएको छ :

पुराण रचिएका हुन् नेपाली वनकुञ्जमा
लगायौं हात हामीले चारै वेदहरू जहाँ
त्यति मात्र कहाँ हो र छन् यहाँ लाख सम्पदा
शान्तिको ध्वनि गुन्जन्छ पवित्र भूमिमा सदा । (पृ. ७५)

प्रस्तुत यात्राकाव्यमा मातृभाषा, भेष र परिवेशप्रतिको चेतना स्पष्ट रूपमा देखिन्छ :

महत्त्व बुझियो बल्ल आमाको र स्वदेशको
भाषाभेष र माटाको त्यो आफ्नो परिवेशको । (पृ.२)

भाषा, संस्कृति र माटोलाई राष्ट्रको आधारस्तम्भका रूपमा स्वीकार गर्नु नै सशक्त देशप्रेम हो । प्रवासमा पुगेर आफ्नो पहिचानप्रति सचेत हुनु यस यात्राकाव्यको मुख्य उपलब्धि हो । कविले सीमावर्ती भूभागप्रति प्रतिबद्धता जनाएका छन् । देशप्रेम यहाँ प्रतीकात्मक मात्र नभई भूअखण्डताको चेतनासँग गाँसिएको छ :

मैले पढ्नुपरेको छ इतिहास स्वदेशको
रक्षा गर्नुपरेको छ आफ्नै भाषा र भेषको
मैले पुग्नुपरेको छ दोधारा चाँदनीतिर
कालापानी म पुग्नेछु लिपु र लिम्पियाधुरा । (पृ. ७८)

कविले राष्ट्रिय मुद्दामा एकताको आह्वान गरेका छन् । दलीय र निजी स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थमा एक हुनुपर्ने सन्देश यहाँ स्पष्ट छ । यी हरफ स्पष्ट राजनीतिक तथा राष्ट्रिय चेतनाको परिचायक बनेका छन् :

दलीय र निजी स्वार्थपछि लाग्नु हुँदैन है
राष्ट्रिय स्वार्थका निम्ति तिलाञ्जलि गरौं सबै
सिक्न सक्छौं अरूबाट राष्ट्रिय हितका कुरा
कालापानी लिपूलेक जोगाऔं लिम्पियाधुरा । (पृ. ८३)

प्रस्तुत कवितांशमा राष्ट्रिय भावना र स्वार्थभन्दा माथि उठेर देशको हितमा एकजुट हुनुपर्ने कुरामा जोड दिइएको छ । कविले दलगत राजनीति र व्यक्तिगत स्वार्थलाई राष्ट्रिय हितभन्दा प्राथमिकता दिन नहुने, राष्ट्रिय हितलाई सर्वोच्च राख्न सबैले योगदान दिनुपर्ने, नेपालका विवादित भूभागहरूलाई संरक्षण गरी राष्ट्रिय एकता र भौगोलिक अखण्डता कायम राख्नुपर्ने धारणा राख्दै स्वार्थ त्यागेर राष्ट्रिय एकता र समृद्धिको पक्षमा काम गर्न सन्देश दिएका छन् । कविले काव्यमा आशा र प्रतिबद्धता व्यक्त गरेका छन् । यो सङ्कल्प देशप्रेमको सक्रिय रूप हो । विदेशमा ज्ञान र अनुभव आर्जन गरी स्वदेश फर्केर सेवा गर्ने भाव यहाँ सशक्त रूपमा अभिव्यक्त छ :

नेपाल मन्त्र जप्दै छु अमेरिका बसेर म
म चाँडै फिर्छु नेपाल अब गर्दिन बेर म
यहाँ आई मिल्यो ज्ञान मलाई देशभक्तिको
मैले पूजन गर्नेछु सदैव मातृशक्तिको । (पृ. ७८)

प्रस्तुत कवितांशमा विदेशमा बसेर पनि आफ्नो देशप्रतिको माया र प्रतिबद्धता व्यक्त गरिएको छ । विदेशमा भए पनि मनमस्तिष्कले सदैव नेपाललाई सम्झिरहने, विदेशबाट प्राप्त ज्ञान र अनुभूतिको मूल्याङ्कन गरी त्यसलाई देशसेवामा प्रयोग गर्ने, आफ्नो मातृभूमि अर्थात् नेपाललाई सधैँ श्रद्धा र सम्मान गर्ने कुरामार्फत कविको देशप्रतिको अटुट प्रेम र विदेशमा बस्दा पनि मातृभूमिप्रति निरन्तर समर्पणको भावना झल्काएको छ । कविले नेपालका सीमामा पर्ने पीडित भूभागलाई स्मरण गराउँदै राष्ट्रिय संवेदनशीलताको अभावमाथि प्रकाश पारेका छन् । दोधारा चाँदनी र कालापानी यहाँ केवल स्थानका रूपमा मात्र नआई राष्ट्रियताका प्रतीकका रूपमा आएका छन् :

मेचीदेखि महाकाली दोधारा चाँदनीहरू
आज रोइरहेका छन् कालापानी धुरूधुरू
सिङ्गो नेपाल छामेर हेर्न बाँकी भए पनि
आफ्नो होइन अर्काको केही कुरा गरेँ यहीँ । (पृ. ८४)

प्रस्तुत कवितांशमा नेपालका पूर्वदेखि पश्चिमसम्मका भूभागहरू र त्यससँग जोडिएको भावनात्मक पीडा व्यक्त गरिएको छ । सीमा क्षेत्रमा भइरहेको समस्या र त्यसले उत्पन्न गरेको राष्ट्रिय पीडा, नेपालको सम्पूर्ण भूभाग र जनता अझै एकसाथ भएर समृद्धि र एकताको यात्रामा लाग्न बाँकी रहेको भन्दै कविले नेपालको भौगोलिक अखण्डता र राष्ट्रिय एकताप्रति गहिरो चिन्ता व्यक्त गरेका छन् ।

कविले भनाइमा राष्ट्र र राष्ट्रियता भए पनि मनमा विदेश पलायनको उच्च आकाङ्क्षा बोकेकाहरूप्रति तीक्ष्ण व्यङ्ग्य गरेका छन् :

आफ्नै सन्तति नै छैनन् भने आज स्वदेशमा
राष्ट्र राष्ट्रियता भन्दै किन हिँड्नु र व्यर्थमा !
विदेश सजिएको छ मुटुभित्र निरन्तर
दौरा सुर्वाल लाएर के देशभक्ति हुन्छ र ? (पृ. ८६)

प्रस्तुत कवितांशमा कविले राष्ट्र र राष्ट्रियताको महत्त्व र साँचो अर्थप्रति प्रश्न उठाएका छन् । देशमै आफ्ना सन्तान नहुँदा राष्ट्रियताको कुरा गर्नु अर्थहीन भएको, राष्ट्रियताका कुरामा मात्र गर्नु बेकार भएको, विदेशलाई नै आफ्ना लागि मुख्य स्थान बनाएकोप्रति असन्तुष्टि व्यक्त गर्दै कविले बाह्य रूपमै देशभक्ति देखाएर केही नहुने भएकाले साँचो देशभक्ति मन, कर्म र देशप्रतिको वास्तविक प्रतिबद्धताबाट हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । कविले यात्राकाव्यमा नेपालको सभ्यतागत उचाइको स्मरण गरेका छन् । राष्ट्रनिर्माणमा योगदान दिएका ज्ञान/इतिहासका प्रतीकहरूको अस्तित्वले गर्दा आजको नेपालमा साझा पहिचान र राष्ट्रिय गौरवको आधार बनेको छ, तर हामी किन अझै पनि अँध्यारो अवस्थामा घुमिरहेका छौँ भनी प्रश्न गरेका छन् । यस प्रश्नले ऐतिहासिक गर्व र वर्तमान लाचारीबिचको द्वन्द्वलाई देखाएको छ :

राजा जनकका साथै खै त बुद्ध यलम्बर ?
जानकी भृकुटी गार्गी विदुषी अजरामर ?
विद्वद्वर मनीषी र जहाँ जन्मे महामुनि ?
अँध्यारोमुनि बस्दै छौं किन हामी अझै त्यहीँ ? (पृ. ८४)

घुम्छन् अष्टचिरञ्जीवी यतै मक्ख परी परी
फलेका छन् फुलेका छन् फलफूल थरीथरी
वेदव्यास यहीँ हाँस्छन् पाणिनि रम्दछन् यहीँ
ऋष्यशृङ्ग र वाल्मीकि घुम्छन् भरथरी यहीँ । (पृ. ८४)

राजा जनक, गार्गी विदुषी, जानकीजस्ता व्यक्तित्वहरू ज्ञान, आत्मबोध, साझा जीवन र उच्च नैतिक विचारका प्रतीक हुन् । ऐतिहासिक तथा सांस्कृतिक प्रतीक राजा जनक, यलम्बरजस्ता पात्रले इतिहासबाट साझा मूल्य र पहिचान दिएका छन् ।

## युवाशक्तिको पलायन र स्वदेशप्रतिको पीडा

प्रस्तुत यात्राकाव्यको महत्त्वपूर्ण पक्ष भनेको युवाशक्तिको विदेशपलायनप्रति चिन्ता हो । काव्यमा वर्तमान नेपालमा देखिएको युवाशक्तिको विदेशपलायनका कारण राष्ट्रिय विकासमा पर्ने नकारात्मक प्रभावलाई उजागर गरिएको छ । राष्ट्रको समृद्धि युवाशक्तिमा निर्भर हुन्छ भन्ने भाव काव्यले व्यक्त गरेको छ । कविले स्वदेशमै समृद्धि र आत्मनिर्भरताको आकाङ्क्षा राखेका छन् :

अमेरिका हुँदा मैले गरेँ स्वदेश चिन्तन
दुर्दशा देशको सम्झी चिन्ताग्रस्त भयो मन
पलायन जहाँबाट भएका छन् युवा सब
हाम्रो मुलुक समृद्ध बन्न सक्ला र के अब ? (पृ. ८९)

प्रवासको सुखसुविधासँगै कविको मन स्वदेशको अवस्थाप्रति चिन्तित छ । स्वदेशको दुर्दशाले प्रवासी नेपालीको मनमा पीडा र चिन्ता पैदा गरेको छ । प्रवासमा रहँदा पनि स्वदेशप्रतिको प्रेम र चिन्तन यथावत् रहन्छ र यो नै राष्ट्रिय चेतनाको अभिव्यक्ति हो । राष्ट्रिय प्रेम केवल भावनामा मात्र सीमित नराखी व्यावहारिक रूपमा स्वदेशमै समृद्धि र विकास सम्भव बनाउनुपर्ने चेतना कविमा प्रबल देखिन्छ । रोजगारी, उद्योग, शिक्षा र सञ्चारका माध्यमबाट राष्ट्रको समृद्धि सम्भव छ भन्ने सकारात्मक दृष्टिकोण काव्यमा स्पष्टरूपमा आएको छ :

मिलोस् स्वदेशमा काम युवाशक्ति रमोस् यहीँ
नपरोस् जान नेपाली काम खोज्न भनी कहीँ
जनताले गरी खाने वातावरण शीघ्र होस्
उद्योग कृषि व्यापार विकासगति तीव्र होस् । (पृ. ९०)

देशका ऊर्जावान् युवाहरूले विदेशी भूमिमा श्रम खर्चिरहेका र नेपालमा विकासका सम्भावनाहरू कमजोर हुँदै गएकामा लेखक चिन्तित छन् । राष्ट्रिय अस्मिता कसरी जोगाउने भन्ने प्रश्न कविले उठाएका छन् । नेपालमा भविष्य नदेखेर युवाहरू बिदेसिनुपरेको तितो यथार्थलाई लेखकले राष्ट्रिय सङ्कटका रूपमा चित्रण गरेका छन् । उनले नेपालको माटो बाँझो रहेको र नेपालीको पसिना विदेशमा बगिरहेकोमा दुःखसमेत व्यक्त गरेका छन् ।

## स्वाभिमान र आत्मनिर्भरता

कवि राष्ट्रिय स्वाभिमान र आत्मनिर्भरताका पक्षमा दृढ देखिन्छन् । स्वदेशप्रतिको माया, आत्मसम्मान र आफ्नो देशलाई आत्मनिर्भर बनाउने चाहना यस यात्राकाव्यको सन्देश हो । यस चेतनाले राष्ट्रिय चेतना र देशप्रेमलाई दिगो बनाएको छ :

स्वाभिमान गुमाएर लम्पसार परी परी
पराईका इसारामा नपरोस् नाच्न क्यै गरी
गुलामी नगरौँ हामी स्वाभिमानी बनौँ सब
आत्मनिर्भरतासाथ गरौँ आजीविका अब । (पृ. ९०)

स्वदेशमा काम गर्न लजाउने तर विदेशमा जेसुकै काम गर्न पनि तयार हुने नेपालीहरूको प्रवृत्तिलाई लेखकले राष्ट्रिय कमजोरीको रूपमा औँल्याएका छन् :

हो नेपालीहरू हामी बिग्रेका नै यसै गरी
अचम्म मान्छु मैले त देख्दा यस्तो घरीघरी
खेतबारी सबै बाँझा घर-गोठ ढले वहाँ
सारा लाज पचाएर काम गर्ने घुसी यहाँ । (पृ. ४२)

नेपालका ऊर्जावान् युवाहरूले विदेशी भूमिमा श्रम खर्चिरहेका र नेपालको माटो बाँझो रहेकामा लेखक अत्यन्त चिन्तित छन् । नेपालमा उज्ज्वल भविष्य नदेखेर युवाशक्ति अमेरिकाजस्ता देशमा पलायन हुनुलाई उनले राष्ट्रको ठुलो क्षति मानेका छन् :

यसरी नै गरे काम हाम्रो मुलुकमा पनि
बन्थ्यो समृद्ध नेपाल हुन्थ्यौं हामीहरू धनी
अर्काको देशमा हामी जे गर्न पनि धाउँछौं
स्वदेशमा त्यही काम गर्न हामी लजाउँछौं । (पृ. ५१)

आफ्नै देशमा पसिना बगाए नेपाल पनि समृद्ध बन्ने र अरूको देशमा दास हुनु नपर्ने राष्ट्रवादी सोच लेखकले प्रस्तुत गरेका छन् । आफ्नो देश रित्तिँदै जाने र मानिसहरू भौतिक सुखको खोजीमा अस्तित्व नै गुमाउने अवस्थामा पुगेकामा लेखकको राष्ट्रवादी मन असन्तुष्ट छ । कविले भौतिक सुख (डलर) भन्दा आध्यात्मिक र राष्ट्रिय सुख ठुलो हुने कुरामा जोड दिएका छन् ।

## निष्कर्ष

कवि हिरण्यलाल ज्ञवालीको *अनुभूतिमा अमेरिका* यात्राकाव्यले राष्ट्रप्रेम र राष्ट्रिय चेतनालाई सशक्त रूपमा प्रस्तुत गरेको छ । यो काव्य प्रवासी नेपालीहरूको आत्मीय सम्बन्ध, राष्ट्रिय विकास र स्वदेशमै युवाशक्ति र समृद्धिको आकाङ्क्षामा केन्द्रित छ । प्रस्तुत यात्राकाव्य प्रवासी जीवनका अनुभूतिहरूको अभिव्यक्तिमात्र होइन, राष्ट्रिय आत्मचेतना, देशप्रेम र सांस्कृतिक पहिचानको सशक्त साहित्यिक दस्तावेज हो । कविले विदेशी यात्रालाई माध्यम बनाएर आफ्नै देशको माटो, भाषा र संस्कृतिको मूल्य उजागर गरेका छन् । यस दृष्टिले यो यात्राकाव्य नेपाली साहित्यमा राष्ट्रिय चिन्तनको महत्त्वपूर्ण उदाहरणका रूपमा स्थापित छ । कविले राष्ट्रलाई केवल सम्झनाको वस्तु होइन, कर्तव्यको केन्द्र बनाएका छन् । काव्यमा कविले अमेरिकाको भौतिक वैभवको प्रशंसा गरे पनि उनको मन भने सदैव नेपालको धुलो, माटो, संस्कार र भविष्यप्रति नै केन्द्रित रहेको पाइन्छ र यसले प्रवासमा रहेका नेपालीलाई आफ्नो मातृभूमि नबिर्सन र स्वदेशमा रहेकालाई आफ्नो माटोको महत्त्व बुझ्न सन्देश दिएको छ । यसमा स्वदेशप्रतिको चिन्ता, युवाशक्तिको पलायन, सांस्कृतिक संरक्षण र आत्मनिर्भरताका विषयहरूमा कविले व्यावहारिक र भावनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । कविले यस काव्यमा नेपालको समृद्धि र विकासका लागि युवाशक्तिलाई स्वदेशमै बसेर काम गर्न, स्वाभिमानका साथ आफ्नो संस्कृतिसंरक्षण गर्न र राष्ट्रनिर्माणमा सक्रिय हुन आग्रह गरेका छन् । यसैले यस काव्यले समसामयिक राष्ट्रिय चिन्तन र देशप्रेमलाई साहित्यिक भाषामा प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । समग्रमा ज्ञवालीको *अनुभूतिमा अमेरिका* केवल एउटा यात्राको विवरणमात्र नभएर यो एउटा गहिरो राष्ट्रिय चिन्तन, देशप्रेम र सांस्कृतिक पहिचान बोकेको यात्राकाव्य देखिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


उप्रेती, गङ्गाप्रसाद (२०४६). *दृष्टिकोणका विविध बिसाउनी.* प्रतिभा प्रकाशन ।

उप्रेती, सञ्जीव (२०७८). *सिद्धान्तका कुरा.* बुक हिल पब्लिकेसन प्रा.लि. ।

घिमिरे, भोजराज (२०६६). नेपालको राष्ट्रियतामा वर्तमान सन्दर्भ. *उन्मेष, ११,* ९७–१०० ।

ज्ञवाली, सन्तोष (२०८१). *हिरण्यलाल ज्ञवालीका कवितामा राष्ट्रिय चिन्तन.* राइज एजुकेसन फाउन्डेसन ।

ज्ञवाली, हिरण्यलाल (२०८१). *अनुभूतिमा अमेरिका.* तारा-किसन फाउन्डेसन इन्कर्पोरेसन ।

ढकाल, रजनी (२०७५). राजेश्वरी खण्डकाव्यमा राष्ट्रिय चेतना. *वाङ्मय. १६,* २३–३५ ।

बरई, त्रिभुवन (२०७९). भोजपुरी कवितामा राष्ट्रिय चिन्तन. *नेपाल अध्ययन जर्नल,* २१). १७५–१९८ ।

सिंह, नगेन्द्र (सन् १९९२). *साठोत्तरी हिन्दी कविता मे जनवादी चेतना.* वाणी प्रकाशन ।

Devi, G. N., & Davis, J. V. (Eds.). (2021). *Indigeneity and nation*. Routledge.

Fanon, F. (1991). *The wretched of the earth*. Grove Press.

Kapoor, S. K. (2009). *Indian cultural heritage*. National Book Trust

Kohn, H. (1965). *Nationalism: Its meaning and history*. Princeton University Press.

Laski, H. J. (1967). *A grammar of politics*. George Allen & Unwin.

Ozkirimli, U. (2005). *Contemporary debates on nationalism: A critical engagement*. Palgrave Macmillan.

Sijher, P. (2004). *Literature, nationalism, and memory*. Cambridge University Press.

Waugh, P.(2006). *Literary Theory and Criticism*. Oxford University Press.